घ. वीर अस्पताल विकास समितिको सिफारिशमा श्री ५ को सरकारबाट मनोनीत देहायका व्यक्तिहरू:–

१. कन्सल्टेन्ट डाक्टरहरू मध्येबाट पाँच जना – सदस्य

२. रजिष्ट्रार मध्येबाट एक जना – सदस्य

३. मेडिकल अधिकृतहरू मध्येबाट एक जना – सदस्य

४. नर्सिङ्ग तथा पारामेडिकलहरूको तर्फबाट एक जना – सदस्य

ङ. डाइरेक्टर, वीर अस्पताल सदस्य-सचिव

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल लेप्रोसी ट्रष्टका नाउँमा डेनमार्कबाट उपहारस्वरूप प्राप्त हुने व्हिल चियर थान ५ (पाँच)को पैठारीमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

369

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।